कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल कार्तिक १८ गते शनिवार बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मिति २०८०/०७/१७ गते शुक्रवार राती ११:४७ बजे तिर जाजरकोट क्षेत्रमा केन्द्रबिन्दु बनाएर गएको भुकम्पबाट कर्णाली प्रदेशको सल्यान, जाजरकोट र रुकुम पश्चिम जिल्लामा अधिक क्षति पुग्न गएको र सो को कारण निधन हुन पुगेका सबैमा हार्दिक श्रद्धाञ्जली एवम् शोक सन्तप्त परिवारमा समवेदना र घाईते सबैमा शिघ्र स्वास्थ्य लाभको कामना गर्ने । |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मिति २०८०/०७/१७ गते शुक्रवार राती ११:४७ बजे तिर जाजरकोट क्षेत्रमा केन्द्रबिन्दु बनाएर गएको भुकम्पबाट प्रभावित एवम् क्षति पुगेका कर्णाली प्रदेशको सल्यान, जाजरकोट र रुकुम पश्चिम जिल्लामा राहत, उद्धार, पुनः स्थापना, पूनः निर्माण लगायतका कार्यमा एकद्धार प्रणाली अवलम्वन गर्ने । |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मिति २०८०/०७/१७ गते शुक्रवार राती ११:४७ बजे तिर जाजरकोट क्षेत्रमा केन्द्रबिन्दु बनाएर गएको भुकम्पबाट प्रभावित एवम् क्षति पुगेका कर्णाली प्रदेशको सल्यान, जाजरकोट र रुकुम पश्चिम जिल्लामा राहत, उद्धार, पुनः स्थापना, पूनः निर्माण लगायतका कार्यमा सहयोगको लागि कर्णाली प्रदेशका माननीय मन्त्री ज्यूहरुको आधा महिनाको पारिश्रमिक सुविधा वापतको रकम कर्णाली प्रदेश विपद् राहत व्यवस्थापन कोषमा जम्मा गर्ने । |

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | (क) २०८०।०७।१७ गते शुक्रवार राती ११:४७ बजे तिर जाजरकोट क्षेत्रमा केन्द्रबिन्दु बनाएर गएको भूकम्पबाट ज्यान गुमाउन पुगेका सबै व्यक्तिप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै कर्णाली प्रदेशभर मिति २०८०।०७।१९ गते आईतबार शोक मनाउन स्वीकृति प्रदान गर्ने।<br>(ख) प्रदेश विपद् व्यवस्थापन कोषमा कर्णाली प्रदेश सरकारको तर्फबाट १० (दश) करोड जम्मा हुने व्यवस्था गर्ने।<br>(ग) मिति २०८०।०७।१७ गते शुक्रवार राती ११:४७ बजे तिर जाजरकोट क्षेत्रमा केन्द्रबिन्दु बनाएर गएको भूकम्पबाट प्रभावित एवम् क्षती पुगेको सल्यान, जाजरकोट, रुकुम पश्चिम लगायतका जिल्लाहरुमा राहात, उद्धार, पुनः स्थापना, पुनः निर्माण लगायतका कार्यमा सहयोग पुऱ्याउन चाहने ब्यक्ति, निकाय, क्षेत्र, संघ संस्था सबैमा विपद् व्यवस्थापन कोषको राष्ट्रिय वाणिज्य बैंक, सुर्खेतमा रहेको खाता नं. ४०८०१००२०२०६०००० मा रकम जम्मा गर्न सार्वजनिक रुपमा अपिल गर्दै वेबसाईट मार्फत सार्वजनिक गर्ने।<br>(घ) मिति २०८०।०७।१७ गते शुक्रवार राती ११:४७ बजे तिर जाजरकोट क्षेत्रमा केन्द्रबिन्दु बनाएर गएको भूकम्पबाट प्रभावित भएका कर्णाली प्रदेशको सल्यान, जाजरकोट, रुकुम पश्चिम जिल्लाको स्थानीय तहहरुलाई भूकम्प प्रभावित नागरिकका लागि तत्काल राहत सामग्री खरिद तथा वितरण र उद्धार प्रयोजनका लागि निम्न स्थानीय तहहरुमा निम्न बमोजिमको रकम वित्तीय हस्तान्तरणको रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट निकासा गर्ने। |

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| | | |

| सि.नं. | जिल्ला | पालिकाको नाम | रकम |
|---|---|---|---|
| १ | जाजरकोट | भेरी नगरपालिका | २५००० |
| २ | जाजरकोट | नलगाड नगरपालिका | २५००० |
| ३ | जाजरकोट | बारेकोट गाउपालिका | २५००० |
| ४ | जाजरकोट | कुशे गाउपालिका | २०००० |
| ५ | जाजरकोट | छेडागाड नगरपालिका | १०००० |
| ६ | जाजरकोट | शिवालय गाउपालिका | ५००० |
| ७ | जाजरकोट | जुनिचांदे गाउपालिका | १०००० |
| ६ | रुकुमपश्चिम | आठवीसकोट नगरपालिका | २५००० |
| ७ | रुकुमपश्चिम | सानीभेरी गाउपालिका | २५००० |
| ८ | रुकुमपश्चिम | चौरजहारी नगरपालिका | २०००० |
| ९ | रुकुमपश्चिम | मुसिकोट नगरपालिका | ५००० |
| १० | रुकुमपश्चिम | त्रिवेणी गाउपालिका | २०००० |
| ११ | रुकुमपश्चिम | बाँफीकोट गाउपालिका | ५००० |
| १२ | सल्यान | दार्मा गाउपालिका | १५००० |
| १३ | सल्यान | बागचौर नगरपालिका | ५००० |
| १४ | सल्यान | बनगाड  कुपिन्डे नगरपालिका | ५००० |
| | **जम्मा** | | २४५००० |

# कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल कार्तिक २४ गते शुक्रवारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मिति २०८०/०७/१७ गते शुक्रवार राती ११:४७ बजे तिर कर्णाली प्रदेशको जाजरकोट क्षेत्रमा केन्द्रबिन्दु बनाएर गएको भुकम्पबाट प्रभावित एवम् क्षति पुगेका कर्णाली प्रदेशको सल्यान, जाजरकोट र रुकुम पश्चिम जिल्लामा भुकम्पवाट हुन गएको व्यापक क्षतिमा खोज,उद्धार, राहत, बसोवास व्यवस्था लगायतका कार्यमा सहयोग गर्ने व्यक्ति, निकाय, संघ, संस्था लगायत सबैमा कर्णाली प्रदेश सरकारको तर्फवाट हार्दिक धन्यवाद प्रदान गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मिति २०८०/०७/१७ गते शुक्रवार राती ११:४७ बजे तिर कर्णाली प्रदेशको जाजरकोट क्षेत्रमा केन्द्रबिन्दु बनाएर गएको भुकम्पबाट प्रभावित एवम् क्षति पुगेका कर्णाली प्रदेशको सल्यान, जाजरकोट र रुकुम पश्चिम जिल्लामा भुकम्पवाट क्षति भएका क्षेत्रमा पुनःस्थापना, पुनः निर्माणको कार्यमा आवश्यक श्रोत, साधन, जनशक्तिको व्यवस्था गरिदिन नेपाल सरकारलाई अनुरोध गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० लाई स्वीकृत गर्ने। |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | "मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८०" लाई स्वीकृत गर्ने। |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहतको उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय भित्र रहेका पुरानाघर तथा संरचना भत्काई उक्त घर तथा संरचनामा प्रयोग भएका सामग्रीहरु (काठ, इट्टा आदि) लिलाम गर्न स्वीकृति प्रदान गर्ने। |
| ६. | भौतिक पूर्वाधार मन्त्रालय | मिति २०८०/०७/१७ गते ११:४७ बजे जाजरकोट जिल्लाको बारेकोट गाउँपालिकाको रामिडाँडा केन्द्रविन्दु भई गएको भुकम्प र त्यसपछि सोही क्षेत्रमा केन्द्रविन्दु भई गएका पराकम्प तथा भुकम्पका कारण सृजित विपद्बाट भएको क्षतिको व्यवस्थापन गर्ने सम्वन्धमा देहाय बमोजिम गर्नेः- |

| | | |
|---|---|---|
| | | (क) उक्त विपद्का कारण प्रभावित नागरिकहरुलाई बसोबासका लागि अस्थायी आवास (घर) निर्माण गर्न, क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निमाण र पुनस्थापनाको लागि नेपाल सरकार, अन्य प्रदेश सरकार र विकास साझेदार (दातृ निकाय) लगायत सरोकारवाला सवैसँग सहयोगको लागि आह्वान गर्ने,<br>(ख) विस्तृत क्षतिको मूल्याङ्कन (Detailed Damage Assessment) गर्न प्रदेश सरकार, स्थानीय तह समेतमा उपलब्ध दक्ष प्राविधिक जनशक्तिको विवरण तयार गरी भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयले परिचालन गर्न छनोट गर्ने,<br>(ग) उक्त विपद्का कारण प्रभावित भएका परिवारलाई अस्थायीरुपमा बसोबासका लागि प्रति अस्थायी आवास (घर) निर्माण गर्न अनुमानित रु.५०,०००।– (पचास हजार रुपैयाँ) लागत लाग्ने देखिएकोमा राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणको प्रारम्भिक क्षतिको विवरण अनुसार पूर्ण र आंशिक रुपमा जाजरकोट, रुकुम पश्चिम, सल्यान दैलेख जिल्ला र समेतमा क्षति भएका आवास (घर)को संख्या ६२,०१२ देखिएको हुँदा सोही संख्यामा अस्थायी आवास (घर) निर्माण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गर्न नेपाल सरकारसँग अनुरोध गर्ने,<br>(घ) प्रदेश सरकारको तर्फबाट भुकम्पबाट क्षतिग्रस्त आवास (घर) तथा अन्य भौतिक संरचनाको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले तत्कालका लागि एक अरव रुपैयाँ बजेट व्यवस्थापन गर्ने। |